"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"
पर्यटकीय नगर इलाम

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भानुपथ, इलाम

**Ilam Municipality**

**Office of the Municipal Executive**

Green Ilam

१ नं. प्रदेश, नेपाल

च.नं. ४१२५

**सिटीमार्ट सटर पसल निर्माण तथा सञ्चालनका लागि**

**निजी साझेदार आव्हान गरिएको मिति २०७८।२।२५ को सूचना**

इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी व्यवस्थापन तथा सञ्चालन ऐन, २०७४ र इलाम नगरपालिकाको सार्वजनिक निजी साझेदारी नीति बमोजिम मिति २०७८।२।२४ को निर्णयानुसार इलाम नगरपालिकाको स्वामित्वमा रहेको इलाम नगरपालिका वार्ड नं. ७ नयाँबजार स्थित सिटीमार्ट निर्माण तथा सटर पसल सञ्चालनका लागि निम्न शर्तको अधीनमा रहने गरी इच्छुक लगानीकर्ताहरुमा प्रस्ताव आव्हान गरिएको छ । सोको लगानी रकम तथा न्यूनतम मासिक भाडा समेत निम्नानुसार भएको हुँदा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

**निम्न :–**

(१) प्रस्ताव निवेदन यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्रमा दर्ता गराई सक्नु पर्नेछ । सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट दर्ता गराउन सकिनेछ ।

(२) सटर पसलको मासिक भाडा र लगानी रकम निम्नानुसार तोकिएको छ र प्रत्येक २ वर्षमा १० प्रतिशतका दरले भाडा रकम बृद्धि गरिनेछ । संझौता पश्चात मासिक भाडा भुक्तान प्रक्रियामा मासिक भाडा रकमको ५० प्रतिशत रकम सम्म लगानी रकमबाट कट्टा हुनेछ र ५० प्रतिशत रकम मासिक रुपमा दाखिला गर्नु पर्नेछ ।

(३) संझौताको अवधि १० वर्ष तोकिएको छ र लगानी रकम मासिक रुपमा कट्टा गर्दै लगिनेछ । १० वर्षको संझौता अवधि समाप्त भएपछि लगानी रकम बाँकी रहन गएमा बांकी रकम नगरपालिकाको निर्णयानुसार फिर्ता हुनेछ ।

(५) उल्लिखित न्यूनतम भाडादरलाई आधार मानेर प्रतिस्पर्धा हुने र बढी भाडा रकम कबोल गर्ने लगानीकर्ताले प्राथमिकता पाउनेछ ।

(६) लगानीकर्ताको प्रस्ताव स्वीकृतिपश्चात लगानी रकम चुक्ता हुनासाथ संझौता गराउने कार्य हुनेछ र नगरपालिकाबाट तोकिएको मितिदेखि मासिक भाडा रकम असुल हुनेछ ।

(७) उल्लिखित प्रक्रिया अनुसार संझौता गरेका लगानीकर्ताले न्यूनतम १० वर्षसम्म बिना प्रतिस्पर्धा साझेदारी लगानीका आधारमा सटर पसल उपयोग गर्न पाउनेछ ।

(८) लगानीकर्ताले आफूले लगानी गरी लिएको सटर पसल अन्यलाई भाडामा दिन वा लगाउन पाउने छैन । काबु भन्दा बाहिरको परिस्थितिको हकमा नगर कार्यपालिकाले वस्तुगत परिस्थिति मूल्याङ्कन गरी तत्सम्बन्धमा विशेष निर्णय गर्न पनि सक्नेछ ।

(९) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा नगरपालिकाको निर्णयानुसार हुनेछ ।

**निजी लगानीका लागि प्रस्ताव आव्हान गरिएका सटरहरुको विवरण**

| तला | सटर नम्बर | कैफियत |
|---|---|---|
| दोस्रो तला | क १, ११, १६, १७, १८, २१, २२, २५, २६ | लगानी रकम ३ लाख र मासिक भाडा रकम रु ५ हजार |
| दोस्रो तला | ख ४, ५, ६, ७, ८, ९, १०, १४, १५, २० | |

कालिबहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत